२०७३ साल फागुन २५ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— विश्वव्यापी आवधिक समिक्षा मार्फत प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२. उद्योग मन्त्रालय— औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा २ को खण्ड (ख) बमोजिम उद्योग दर्ता गर्ने निकाय तोक्न नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— निलम्वन गरी जाँचबुझ समिति गठन गर्ने ।

४. गृह मन्त्रालय— विक्रम सम्वत् २०७४ सालमा दिइने सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय निर्धारण गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५. गृह मन्त्रालय—आर्थिक सहायता उपलब्ध गराउने।

६. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— मुस्ताङ्ग जिल्ला लोमान्थाङ गाउँ विकास समितिस्थित थुर्लुङ र छोन्हुप गाउँ विकास समितिमा नाप नक्सा गर्ने सम्वन्धीसमिति गठन आदेश, २०७३" सच्याई स्वीकृत गर्ने ।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— आर्थिक सहयोग उपलब्ध गराउने ।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सडक बोर्ड नेपाललाई थप जग्गा प्रदान गर्ने ।

९. युवा तथा खेलकुद मन्त्रालय— आर्थिक सहयोग उपलब्ध गराउने ।

१०. वन तथा भू-संरक्षण मन्त्रालय— चमेलिया १३२ के.भी. विद्युत प्रसारणलाईनमा हानीनोक्सानी गर्ने रुखहरु हटाउन स्वीकृति दिने ।

११. वन तथा भू-संरक्षण मन्त्रालय— अपर हेवाखोला साना जलविद्युत आयोजना निर्माण संचालन गर्न वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने।

१२. वन तथा भू-संरक्षण मन्त्रालय— जैविक विविधता महासन्धि अन्तर्गत NAGOYA PROTOCOL ON ACCESS TO GENETIC RESOURCES AND THE FAIR AND EQUITABLE SHARING OF BENEFITS ARISING FROM THEIR UTILIZATION TO THE CONVENTION ON BIOLOGICAL DIVERSITY अभिसन्धि अनुमोदन गर्ने।

१३. वन तथा भू-संरक्षण मन्त्रालय— शुभश्री अग्नि सिमेण्ट उद्योग प्रा.लि. लाई चूनढुङ्गा उत्खनन गर्नका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१४. वन तथा भू-संरक्षण मन्त्रालय— चलचित्र नगरी (FILM CITY) आयोजना निर्माण एवं संचालनका लागि वनक्षेत्रको जग्गाप्रयोग गर्न स्वीकृति दिने ।

१५. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— दश वर्षे सशस्त्र द्वन्द्व प्रभावित व्यक्ति तथा परिवारलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउने ।

१६. श्रम तथा रोजगार मन्त्रालय— वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका (तेश्रो संशोधन), २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको पँहुच मार्ग, पेरिफेरी सडक निर्माण र सो क्षेत्रको रुख कटानी सुरक्षा निगरानी कार्य नेपाली सेनाबाट गराउने।

१८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण विकास, विस्तार र स्तरोन्नतिका लागि थप जग्गा अधिग्रहण गर्ने ।

१९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— श्री भद्रकाली बाह्रवर्षे खड्गसिद्धि जात्रा संचालन गर्न आर्थिक सहायता उपलब्ध गराउने ।

२०. सामान्य प्रशासन मन्त्रालय— अर्थ मन्त्रालयको प्रस्तावित सङ्गठन संरचना र दरवन्दी तेरिज स्वीकृति गर्ने ।

२१. सामान्य प्रशासन मन्त्रालय—भाषा आयोगको प्रस्तावित सङ्गठन संरचना र दरवन्दी तेरिज स्वीकृति गर्ने। विषयको सामान्य प्रशासन मन्त्रालयको नं. २८/८०-०७३/११/२४ को प्रस्ताव — प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. सामान्य प्रशासन मन्त्रालय— उप सचिव मनोज कुमार दाहाललाई रा.प.प्रथम श्रेणीको पदमा बढुवा गर्ने।

२३. स्वास्थ्य मन्त्रालय— एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२४. मिति २०७३ साल फागुन २३ गते सप्तरी जिल्लाको गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा घटेको घटनाप्रति नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त घटनामा चार जनाको निधन भएकोमा नेपाल सरकारले दुःख प्रकट गर्दै मृतआत्माको चिर शान्तिको कामना सहित शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना र घाइतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ । नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको नेपाल सरकार पूर्ण सम्मान गर्दछ । कुनै पनि राजनैतिक दल वा नागरिकले आफ्नो हक र अधिकारको उपयोग गर्दा अरूको हक र अधिकारको हनन नगरी समाजमा शान्ति र सुव्यवस्थामा खलल हुन नदिने तर्फ सचेत रहनुपर्ने कर्तव्य प्रति सबै जिम्मेवार राजनीतिक दल, नागरिक समाज, संघसंस्था लगायत आमनागरिकहरूलाई नेपाल सरकार अपिल गर्दछ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

मं.प.बै.सं. ५९।०७३

२०७३ साल फागुन २२ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— नेपाल लेखापरीक्षण सेवा, राजपत्रांकित प्रथम श्रेणी, नायब महालेखापरीक्षक पदमा बढुवा नियुक्ति तथा पदस्थापना गर्ने ।

२. आपूर्ति मन्त्रालय— साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई ५० हजार मे.टन चिनी आयात गर्दा आर्थिक ऐन, २०७३ को दफा १९ बमोजिम एक प्रतिशत भन्सार महसुल लिई मूल्य अभिवृद्धि कर लिने र बाँकी भन्सार महसुल छुट दिने । सहुलियत भन्सार दरमा आयात हुने चिनी आम उपभोक्ताहरुले सहुलियत दरमा प्राप्त गर्ने सुनिश्चतता आपूर्ति मन्त्रालयले मिलाउने।

३. ऊर्जा मन्त्रालय— श्री नरेन्द्र सिंह भण्डारी र मनदेवी श्रेष्ठलाई राजपत्राङ्कित प्रथम श्रेणी पदमा बढुवा नियुक्ति तथा पदस्थापना गर्ने ।

४. कृषि विकास मन्त्रालय—नेपाल कृषि सेवाको रा.प. प्रथम (प्रा.) श्रेणीमा भागवत प्रसादसमेतलाई बढुवा नियुक्ति दिई कृषि विकास मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने ।

५. परराष्ट्र मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीको सह-सचिव पदमा तीर्थराज वाग्लेसमेतलाई बढुवा नियुक्ति दिई पदस्थापन गर्न ।

६. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणी सहसचिव वा सो सरहको पदमा निरज मानन्धरलाई नियुक्ति तथा पदस्थापन गर्ने ।

७. रक्षा मन्त्रालय— प्राविधिक प्रमुख सेनानी डा.रत्नां अधिकारीलाई प्राविधिक महा सेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

८. रक्षा मन्त्रालय— नेपाली सेनाको लागि हेलिकप्टर खरिद गर्ने ।

९. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय—गाउँपालिका तथा नगरपालिकामा रहने वडाको संख्या निर्धारण सम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा पेश गर्ने स्वीकृति दिने।

१०. (क) नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित आयोगले मिति २०७३।९।२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।१०।२२ को निर्णयानुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३।११।२० मा पेश गरेको प्रतिवेदनको आधारमा यसैसाथ संलग्न अनुसूची-१ बमोजिम नेपालभर चार सय एकासी वटा गाउँपालिका र चारवटा महानगरपालिका, तेह्रवटा उपमहानगरपालिका र दुई सय छयालीस वटा नगरपालिकासहित जम्मा सातसय चवालीसवटा गाउँपालिका तथा नगरपालिकाको नाम, सङ्ख्या र सीमाना तथा वडाको सीमाना कायम गर्ने,

(ख) निर्वाचन सम्पन्न भएपछि सम्बन्धित गाउँसभा वा नगरसभाले निर्णय गरेबमोजिम हुने गरी हाललाई अनुसूची -१ मा उल्लेख भएबमोजिमको गाउँपालिका र नगरपालिकाको केन्द्र कायम गर्ने,

(ग) खण्ड (क) बमोजिम कायम भएका गाउँपालिका र नगरपालिकाको नाम, सङ्ख्या, सीमाना, केन्द्र र वडा यसैसाथ संलग्न अनुसूची -२ बमोजिमको ढांचामा प्रत्येक एकाइको विवरण प्रकाशन भएको मितिदेखि लागू हुने गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने,

(घ) खण्ड (क) बमोजिम कायम भएको गाउँपालिका र नगरपालिकासम्बन्धी विवरण सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्वाचन आयोगलाई उपलब्ध गराउने,

(ङ) खण्ड (क) बमोजिमका गाउँपालिका तथा नगरपालिकाको नाम, सङ्ख्या, सीमाना, वडा र केन्द्र राजनैतिक समझदारीको आधारमा नेपाल सरकारले आवश्यक हेरफेर गर्न सक्ने ।

११. सामान्य प्रशासन मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीको पदमा प्रेमराज जोशी समेतका ४४ जनालाई नियुक्ति तथा पदस्थापन गर्ने ।

१२. सिंचाइ मन्त्रालय— रा.प.प्रथम श्रेणी, सुपरिटेण्डिङ इन्जिनियर पदमा संजीव बरालसमेतलाई नियुक्ति गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७३ साल फागुन १७ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सार्वजनिक खरिद (पाँचौ संशोधन) नियमावली, २०७३ स्वीकृत गर्ने ।

२. अर्थ मन्त्रालय— विश्व बैंकले नेपाल स्वास्थ्य क्षेत्र व्यवस्थापन सुधार कार्यक्रम कार्यान्वयन गर्न प्रदान गर्ने ऋण सहयोग स्वीकार गर्ने ।

३. अर्थ मन्त्रालय— व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

४. अर्थ मन्त्रालय— बेरूजू फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको वार्षिक प्रतिवेदन, २०७३ को सुझाव एवं सिफारिशहरू कार्यान्वयन गर्न सबै निकायहरूलाई निर्देशन दिने । ।

५. अर्थ मन्त्रालय— नगर विकास कोषको अध्यक्षमा ध्रुवप्रसाद रिजाललाई तोक्ने।

६. अर्थ मन्त्रालय— बैंक व्यवस्थापनमा नेपाल सरकारको सहभागिता सुनिश्चित हुने गरी नेपाल सरकारले गर्ने लगानीको प्रतिशत अर्थ मन्त्रालयले तय गर्ने गरी निजी क्षेत्रको सहभागितामा पूर्वाधार विकास बैंक स्थापना गर्ने प्रक्रिया अगाडि बढाउन अर्थ मन्त्रालयलाई सैद्धान्तिक सहमति दिने ।

७. उद्योग मन्त्रालय— वन, कृषि तथा खनिज पैदावारमा आधारित उद्योगहरुको अध्ययन गर्न कार्यदल गठन गर्ने ।

८. उद्योग मन्त्रालय— विदेशी लगानी सम्बन्धी कानूनको संशोधन र एकीकरण गर्न नयाँ ऐन तर्जुमा सम्बन्धमा सैद्धान्तिक सहमती दिने ।

९. उद्योग मन्त्रालय— राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१०. ऊर्जा मन्त्रालय— माननीय ऊर्जा मन्त्री श्री जनार्दन शर्मालाई हङकङ भ्रमणमा जान स्वीकृति प्रदान गर्ने।

११. ऊर्जा मन्त्रालय— विद्युत नियमन आयोग सम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१२. कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय— अष्ट्रेलियाको मेलवर्न शहरमा आयोजना हुन गइरहेको Common Wealth Law Reform Agencies (CALRAs) को सम्मेलनमा नेपालको तर्फबाट नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेलको नेतृत्वमा सो आयोगका उपाध्यक्ष श्री भेषराज शर्मा र का.मु. सचिव श्री चिरन्जीवी खनाल सहितको तीन सदस्यीय टोलीको भ्रमण स्वीकृत गर्ने ।

१३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— निलम्बन गरी जाँचबुझ समिति गठन गर्ने विषयको प्रस्ताव मन्त्रालयले पुनः विचार गर्ने गरी प्रस्ताव फिर्ता गर्ने ।

१४. खानेपानी तथा सरसफाइ मन्त्रालय— नेपाल इन्जिनियरिङ्ग सेवाको रा.प. प्रथम (प्रा.) श्रेणीमा आषिश घिमिरेलाइ बढुवा नियुक्ति दिई खानेपानी तथा सरसफाइ मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

१५. गृह मन्त्रालय— Bangladesh का नागरिक MD Samsul Hoque समेतलाई पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

१६. गृह मन्त्रालय— आर्थिक सहायता उपलब्ध गराउने।

१७. परराष्ट्र मन्त्रालय— पोर्चुगलको लिस्बनमा कार्यरत अवैतनिक नेपाली वाणिज्यदूत श्री मकरबहादुर हमालको पदावधि थप गर्ने ।

१८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सडक सुरक्षा परिषद् (गठन तथा संचालन) आदेश, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— उच्चस्तरीय समिति गठन गर्ने ।

२०. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय— आगामी वर्षदेखि आवश्यकता र औचित्यका आधारमा सहभागी पठाउन नेपाल सरकारको बजेटमा व्यवस्था गर्ने गरी 61th Session of the Commission on the Status of the Women कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

२१. रक्षा मन्त्रालय— प्राविधिक सहायक रथी सै.उ. डा.नर्बदा थापाले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत गर्ने ।

२२. वन तथा भू-संरक्षण मन्त्रालय— नेपाली सेनालाई वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

२३. वन तथा भू-संरक्षण मन्त्रालय— सर्बोत्तम सिमेण्ट प्रा.लि.लाई बढीमा ३० वर्षसम्म वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

२४. वन तथा भू-संरक्षण मन्त्रालय— भारतीय पेन्सन पेईङ्ग अफिस (PPO) लाई वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

२५. वन तथा भू-संरक्षण मन्त्रालय— तल्लो तादी खोला जलविद्युत आयोजना निर्माण एवं संचालनका लागि वनक्षेत्र प्रयोग गर्न दिने ।

२६. वन तथा भू-संरक्षण मन्त्रालय— स्वीकृत विधि र प्रक्रियाको अवलम्बन गरी सशस्त्र वन रक्षकहरुको व्यवस्थापन गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई सहमती दिने।

(ख)) विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १८/७३-०७३/११/१७ को प्रस्ताव — प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२७. वन तथा भू-संरक्षण मन्त्रालय— द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडको महाप्रबन्धकमा राजु लौडारीलाइ नियुक्त गर्ने ।

२८. विज्ञान तथा प्रविधि मन्त्रालय— वि.पि.कोईराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको कार्यकारी निर्देशकमा आनन्दबहादुर चन्दलाइ नियुक्त गर्ने ।

२९. विज्ञान तथा प्रविधि मन्त्रालय— पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनका लागि मापदण्ड स्वीकृति गर्ने।

३०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— ब्याकवार्ड सोसाइटी एजुकेशन बेस, दाङ्गलाई आर्थिक सहायता उपलब्ध गराउने ।

३१. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— लाओसमा आयोजना हुने कार्यक्रममा माननीय मन्त्रीको नेतृत्वमा सहभागी हुन स्वीकृति दिने ।

३२. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— नेपाल ईन्जिनियरिङ सेवा सिभिल समूह, जनरल उपसमूह, रा.प.प्रथम श्रेणी सहसचिव (प्रा.) पदको सरूवा तथा पदस्थापना गर्ने ।

३३. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— पिछडिएको समुदाय उत्थान विकास समितिका सदस्यहरू मनोनयन गर्ने।

३४. सिंचाइ मन्त्रालय— विकास आयोजना/कार्यक्रमको लागि अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

३५. (क) स्वास्थ्य मन्त्रालय— नेपाल स्वास्थ्य संस्था गुणस्तर प्रमाणीकरण परिषद् स्थापना र संचालन विधेयक निर्माणको लागि सैद्धान्तिक सहमति दिने ।

(ख) स्वास्थ्य मन्त्रालय— सुशील कोइराला प्रखर क्यान्सर अप्पताल (गठन) आदेश, २०७३ स्वीकृत एवं जग्गा हस्तान्तरण विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

(ग) स्वास्थ्य मन्त्रालय— कर्मचारी करारमा लिने ।

(घ) स्वास्थ्य मन्त्रालय— नेपाल स्वास्थ्य व्यावसायी परिषद्का पदाधिकारी तथा सदस्य पदमुक्त गर्ने।

(ङ) स्वास्थ्य मन्त्रालय— नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का पदाधिकारी तथा सदस्य पदमुक्त गर्ने।

(च) स्वास्थ्य मन्त्रालय— नेपाल मेडिकल काउन्सीलका सदस्य मनोनयन गर्ने ।

(छ) स्वास्थ्य मन्त्रालय— आयुर्वेद चिकित्सा परिषद्का विद्यमान पदाधिकारी तथा सदस्य पदमुक्त गर्ने।

(ज) स्वास्थ्य मन्त्रालय— सिंहदरवार बैद्यखाना विकास समितिका विद्यमान पदाधिकारी तथा सदस्यलाई पदमुक्त गर्ने ।

(झ) स्वास्थ्य मन्त्रालय— नेपाल नर्सिङ परिषद्का विद्यमान पदाधिकारी तथा सदस्य पदमुक्त गर्ने ।

(ञ) स्वास्थ्य मन्त्रालय— जी.पी.कोइराला राष्ट्रिय स्वासप्रश्वास उपचार विकास समितिका पदाधिकारी तथा सदस्य पदमुक्त गर्ने ।

(ट) स्वास्थ्य मन्त्रालय— राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्रका कार्यकारी निर्देशकलाई पुनःमनोनयन गर्ने ।

(ठ) स्वास्थ्य मन्त्रालय— नेपाल फार्मेसी परिषद्का विद्यमान पदाधिकारी तथा सदस्य पदमुक्त गर्ने ।

(ड) स्वास्थ्य मन्त्रालय— नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का पदाधिकारी तथा सदस्य मनोनयन गर्ने।

(ढ) स्वास्थ्य मन्त्रालय— नेपाल फार्मेसी परिषद्का पदाधिकारी तथा सदस्य मनोनयन गर्ने ।

(ण) स्वास्थ्य मन्त्रालय— नेपाल नर्सिङ परिषद्का विद्यमान पदाधिकारी तथा सदस्य मनोनयन गर्ने ।

(त) स्वास्थ्य मन्त्रालय— नेपाल स्वास्थ्य व्यावसायी परिषद्का पदाधिकारी तथा सदस्य मनोनयन गर्ने।

(थ) स्वास्थ्य मन्त्रालय— जी.पी.कोइराला राष्ट्रिय स्वासप्रश्वास उपचार विकास समितिका पदाधिकारी मनोनयन गर्ने ।

(द) स्वास्थ्य मन्त्रालय— सिंहदरवार वैद्यखाना विकास समितिको पदाधिकारी तथा सदस्य मनोनयन गर्ने ।

(ध) स्वास्थ्य मन्त्रालय— आयुर्वेद चिकित्सा परिषद्का पदाधिकारी तथा सदस्य मनोनयन गर्ने ।

३६. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/११/९ को निर्णयबाट गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले पेश गरेको प्रतिवेदनमा प्रस्ताव गरिएको स्थानीय तहको सङ्ख्या र सीमानाका सम्बन्धमा प्राप्त गुनासा सम्बोधन गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा सुझाव पेश गर्न माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिको म्याद समाप्त भएको मितिले ३ दिन थप गर्ने ।

३७. फिलिपिन्सको मनिलास्थित एसियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशक पदमा नियुक्ति हुने नेपालको पालो भएकोले नेपाल सरकारको तर्फबाट नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीलाई सो पदमा सन् २०१७ जुलाई १६ देखि २०१९ जुलाई १५ सम्म नियुक्त गरी पठाउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७३ साल फागुन ९ गते सोमबारका दिन १८.३०बजे बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

गृह मन्त्रालय— स्थानीय तहको निर्वाचन मिति तोक्ने ।

२०७३ साल फागुन ९ गते सोमबारका दिन १४.००बजे बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— गरिबी निवारण कोषको उपाध्यक्षमा डा. यामबहादुर थापा (वाई.वी. थापा), प्यूठानलाई नियुक्ति गर्ने ।

२. अर्थ मन्त्रालय— नेपाल लेखापरीक्षण सेवा, राजपत्रांकित प्रथम श्रेणी, नायब महालेखापरीक्षक पदमा श्री त्रिलोचन आचार्यलाई बढुवा नियुक्ति तथा पदस्थापना गर्ने ।

३. अर्थ मन्त्रालय— नगद कारोबारको सीमा निर्धारण गर्ने -

(क)प्रचलित करसम्बन्धी कानुनले अन्यथा व्यवस्था गरेकोमा बाहेक कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले एकपटकमा ने. रु.१०लाख वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरिद बिक्री गर्दा तथा अन्य कारोवार गर्दा वित्तीय संस्था वा बैकिङ्ग उपकरण मार्फत् गर्नुपर्ने ।

तर वित्तीय संस्थामा निक्षेप, बचत वा सटही गर्न वा वित्तीय संस्थाबाट लिएको कर्जा तथा सो को साँवा तथा ब्याज भुक्तानी गर्न वा वित्तीय संस्थाहरु बीचमा नगद कारोवार हुन तथा निक्षेपकर्ता वा बचतकर्तालाई वित्तीय संस्थामा रहेको खाताबाट उल्लिखित सीमाभन्दा बढी नगद रकम भुक्तानी दिनुपर्ने कुनै खास कारण देखिएमा सम्बन्धित वित्तीय संस्थाले सो को पुष्ट्याईं हुने विवरणका आधारमा नगद भुक्तानी दिन उल्लिखित व्यवस्थाले वाधा पु-याउने छैन ।

(ख) खण्ड (क) बमोजिमको व्यवस्था २०७४ साउन १ गतेदेखि लागू गर्ने ।

(ग) उल्लिखित व्यवस्थाको कार्यान्वयनमा आइपर्ने जटिलताको वाधा अड्काउ फुकाउने अधिकार नेपाल राष्ट्र बैंकको सञ्चालक समितिलाई दिने ।

४. उद्योग मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणीको पदमा नियुक्ति एवं पदस्थापन (दिनेश नेपाली) गर्ने विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. उद्योग मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणीको पदमा जयराज घिमिरे र सफला श्रेष्ठलाइ नियुक्ति एवं पदस्थापन गर्ने।

६. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— दूरसंचार नियमावली, २०५४ को नियम २७ अनुसार गठित पुनरावेदन समितिको अध्यक्षमा न्याय परिषद्का सचिवमा श्री नहकुल सुवेदीलाई तोक्ने ।

७. कृषि विकास मन्त्रालय— उखु तथा चिनी विकास समितिको अध्यक्ष नियुक्ति गर्ने ।

८. कृषि विकास मन्त्रालय—राष्ट्रिय किसान आयोगको अध्यक्ष पदमा श्री चित्र बहादुर श्रेष्ठलाई नियुक्ति गर्ने। सदस्य सचिव पदमा कृषि विकास मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव रहने ।

९. गृह मन्त्रालय— Counter Terrorism Conference CTC 2017 मा माननीय उपप्रधान तथा गृहमन्त्रीले भाग लिने ।

१०. जनसङ्ख्या तथा वातावरण मन्त्रालय— बासेल महासन्धिको सदस्य राष्ट्रहरुको १३ औं सम्मेलन एवं रोट्टरडम र स्टकहोम महासन्धिका पक्षराष्ट्रहरुको ८ औं सम्मेलनको उच्चस्तरीय वैठकमा मन्त्री जयदेव जोशीलाई सहभागी हुन स्वीकृति दिने ।

११. परराष्ट्र मन्त्रालय— ५० घण्टा अतिरिक्त समय काम गरे वापत ५० प्रतिशत अङ्कभार कायम गरी २०७३ माघ देखि २०७४ असार मसान्त सम्मको लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

१२. परराष्ट्र मन्त्रालय— विदेशस्थित नेपाली नियोगहरुको सहप्रमाणीकरण गर्ने ।

१३. परराष्ट्र मन्त्रालय— स्पेनमा नेपाली राजदूतावास स्थापना गर्ने र विभिन्न मुलुकका लागि नेपाली राजदूत पदमा नियुक्तिका लागि सिफारिस गर्ने । अबउप्रान्त राजदूत नियुक्तिको प्रक्रियालाई व्यवस्थित एवं मर्यादित बनाउनको लागि उपयुक्त उम्मेदवारको छनौट गर्न योग्यता एवं कार्यअनुभवसमेतलाई समेटेर परराष्ट्र मन्त्रालयले राजदूत सिफारिस एवं नियुक्तिको लागि मापदण्ड तयार गरी मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश गर्ने ।

१४. पशुपन्क्षी विकास मन्त्रालय— नेपाल कृषि सेवा राजपत्रांकित प्रथम ९प्रा.० श्रेणीको पदमा मणिकुमार श्रेष्ठसमेतलाइ बढुवा नियुक्ति दिई पशुपन्छी विकास मन्त्रालय वा अन्तरगत पदस्थापन गर्ने ।

१५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— पदाधिकारी तोक्ने अधिकार प्रत्यायोजन गर्ने।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणीमा राजेन्द्रराज शर्मालाइ बढुवा नियुक्ति गर्ने ।

१७. रक्षा मन्त्रालय— पाईलट सहायक रथी तथा पाईलट महा सेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

१८. रक्षा मन्त्रालय— सहायक रथी कर्मेन्द्रविक्रम लिम्बु समेत ७ (सात) जना सहायक रथीहरुको पदावधि थप गर्ने ।

१९. वन तथा भू-संरक्षण मन्त्रालय— नेपाल टेलिकमलाई रारा राष्ट्रिय निकुन्जको हुटु क्षेत्रमा ३G BTS टावर स्थापना गर्न स्वीकृति दिने ।

२०. वन तथा भू-संरक्षण मन्त्रालय— छन्दी खोला साना जलविद्युत आयोजनालाई वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने।

२१. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सदस्यको नेतृत्वमा पाँच सदस्यीय अध्ययन भ्रमण टोली दक्षिण अफ्रिका पठाउने ।

२२. श्रम तथा रोजगार मन्त्रालय— कोलम्बो प्रोसेस (Colombo Process) को आगामी सत्र (सन् २०१७) मा नेपालले अध्यक्षता ग्रहण गर्न श्रम तथा रोजगार मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने।

२३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— जर्मनीको बर्लिनमा आयोजना हुने ITB-2017 मा मन्त्री जीवनबहादुर शाहीलाई सहभागी हुन स्वीकृति दिने ।

२४. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— सामुदायिक मेलमिलाप सम्वन्धी निर्देशिका, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२५. सिंचाइ मन्त्रालय- सिनियर डिभिजनल इन्जिनियर श्री रमेश बन्धु अर्याललाई रा.प.प्रथम श्रेणी, सुपरिटेण्डेण्ट इन्जिनियर पदमा बढुवा नियुक्ति गर्ने ।

२६. सूचना तथा सञ्चार मन्त्रालय— नेपाल टेलिभिजनको महाप्रवन्धक पदमा श्री गोविन्द रोकालाई नियुक्त गर्ने।

२७. सूचना तथा सञ्चार मन्त्रालय— रेडियो प्रसार सेवा बिकास समिति (रेडियो नेपाल) का कार्यकारी निर्देशकको सुबिधा तोक्ने ।

२८. सूचना तथा सञ्चार मन्त्रालय— सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध निकायका अध्यक्ष, सदस्य र पादधिकारीको नियुक्ति र मनोनयन (तेस्रो संशोधन) मापदण्ड, २०७३ स्वीकृत गर्ने।

२९. सूचना तथा सञ्चार मन्त्रालय— सुरक्षण मुद्रण विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३ स्वीकृत गर्ने ।

३०. स्वास्थ्य मन्त्रालय— भुटानको थिम्पु र भारतको नयाँ दिल्लीमा हुने कार्यक्रममा माननीय स्वास्थ्य मन्त्रीलाइ सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

३१. स्वास्थ्य मन्त्रालय— राष्ट्रिय मदिरा नियमन तथा नियन्त्रण नीति, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३२. स्वास्थ्य मन्त्रालय— सामुदायिक अस्पतालहरुलाई अनुदान दिने सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ स्वीकृत गर्ने ।

३३. संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को ३४ औं अधिवेशनको उच्चस्तरीय सत्रमा भाग लिन जाने नेपाली प्रतिनिधिमण्डलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री राजीव गौतमलाई पठाउने।

३४. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

क्र.सं	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री राजेन्द्रकिशोर क्षेत्री	सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग	सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय
२.	श्री गजेन्द्रकुमार ठाकुर	सचिव, सिंचाइ मन्त्रालय	प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र
३.	श्री रामानन्दप्रसाद यादव	प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र	सचिव, सिंचाइ मन्त्रालय
४.	श्री मोहनकृष्ण सापकोटा	सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय	सचिव, सामान्य प्रशासन मन्त्रालय

५.	श्री पूर्णचन्द्र भट्टराई	सचिव, सामान्य प्रशासन मन्त्रालय	सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

३५. "नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले गाउँपालिका र नगरपालिकाको सङ्ख्या तथा सीमाना निर्धारण गरी पेश गरेको प्रतिवेदनका सन्दर्भमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट गाउँपालिका, नगरपालिकाको सङ्ख्या तथा सीमाना, नाम, क्षेत्रफल, केन्द्र र वडा कायम गरी लागू गर्ने तथा स्थानीय तहबाट सेवाप्रवाहको लागि आवश्यक आदेश जारी गर्न नेपाल सरकार मन्त्रिपरिषद्समक्ष प्रस्ताव गरेको, यसै सन्दर्भमा मन्त्रिपरिषद्को मिति २०७३।१०।२० को बैठकबाट गठित समितिले पेश गरेको सुझावसहितको प्रतिवेदनको सम्बन्धमा मं.प.बै.सं. ५५।०७३ मिति २०७३।११।९ को बैठकबाट "नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/१०/२० को निर्णयबाट गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले पेश गरेको प्रतिवेदनमा प्रस्ताव गरिएको स्थानीय तहको सङ्ख्या र सीमानाका सम्बन्धमा प्राप्त गुनासा सम्बोधन गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा सुझाव पेश गर्न माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले दिएका सुझावहरूको कार्यान्वयन गर्ने सम्बन्धमा मूलतः तराई मधेशलगायतमा जनसङ्ख्यासमेतलाई आधार मानी न्यूनतम नथपी नहुने स्थानीय तहको सङ्ख्या यकिन गरी सीमानासहितको सिफारिस ७ दिनभित्र पेश गर्न उक्त समितिलाई नै निर्देशन दिने ।" निर्णय भएको हुँदा स्थानीय तहको व्यवस्थापन, स्थानीय तहमा सेवा सञ्चालन एवं आसन्न स्थानीय तहको निर्वाचनसमेतका लागि देहायको व्यवस्था गर्ने -

१. मूलतः तराई-मधेशलगायतमा जनसङ्ख्या समेतलाई आधार मानी न्यूनतम नथपी नहुने स्थानीय तहको संख्या यकिन गरी सीमानासहितको सिफारिस ७ दिनभित्र पेश गर्न उक्त समितिलाई नै निर्देशन दिने गरी गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले पेश गरेको प्रतिवेदन मूलभूत रूपमा स्वीकार गर्ने,

२. बुँदा नं १ बमोजिम सुझाव समितिबाट सिफारिस हुने विषयमा मन्त्रिपरिषद्बाट पछि हुने निर्णयबमोजिम हुने गरी सो सुझाव समितिले हेरफेरको सन्दर्भमा अध्ययनको लागि छनौट गरेका जिल्ला बाहेकका बाँकी जिल्लाका गाउँपालिका तथा नगरपालिकाका नाम, केन्द्र र वडा विभाजनसमेतका विवरण स्थानीय तहको निर्वाचन तयारी प्रयोजनको लागि प्रयोग गर्ने,

३. सुझाव समितिबाट सिफारिस प्राप्त भएपछि नेपाल सरकार, मन्त्रिपरिषद्बाट पछि हुने निर्णयको आधारमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या तथा सीमाना कायम भएको मितिदेखि लागू हुने गरी स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि वहाल नभएसम्म हाल स्थानीय निकायबाट सम्पादित कार्यहरू र नेपालको संविधानको भाग १७, १८ र १९ एवं मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको मिति २०७३।१०।१७ को बैठकबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीको कार्य विस्तृतीकरण सम्बन्धी प्रतिवेदन, २०७३ समेतमा उल्लिखित स्थानीय तहको काम, कर्तव्य र अधिकार कार्यान्वयनको सम्बन्धमा क्रमशः वैकल्पिक व्यवस्था गरी स्थानीय तहबाट सेवाप्रवाहलाई सुचारु गर्न संलग्न स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ स्वीकृत गरी सो आदेशबमोजिमको आवश्यक व्यवस्था मिलाउन सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिने,

४. पुनर्संरचित गाउँपालिका तथा नगरपालिकाको पूर्वाधार र कार्यालय स्थापना एवं सेवाप्रवाहको लागि अत्यावश्यक रकम सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बनाउने मापदण्डका आधारमा दुवै मन्त्रालयले परामर्श गरी अर्थ मन्त्रालयले यथाशीघ्र निकासा दिने,

५. गाउँपालिका तथा नगरपालिकाका लागि आवश्यक लेखाको जनशक्ति महालेखा नियन्त्रकको कार्यालयले खटाउने र कार्यकारी पदमा खटाउन अपुग हुने जनशक्ति सामान्य प्रशासन मन्त्रालयले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा तत्काल पठाउने,

६. मन्त्रालयले मातहतमा रहेका सम्बन्धित सेवा समूहका कर्मचारीहरूमध्ये स्थानीय तहको कार्यालय स्थापना गरी सञ्चालन गर्ने प्रयोजनका लागि निजामती सेवा ऐन, २०४९ को दफा (१८) को उपदफा (३) बमोजिम तोकिएको अवधि नपुगेको भए पनि १ वर्षसम्मका लागि काजमा खटाउन सक्ने ।

७. स्थानीय तहको निर्वाचन तयारी र बुँदा नं ३ बमोजिम सेवा सञ्चालनका लागि जनशक्ति व्यवस्थापन लगायतमा सम्बन्धित सबै मन्त्रालय र निकायहरूले आवश्यक सहयोग तथा समन्वय गर्नुपर्ने ।"

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल फागुन ९ गते सोमबारका दिन १०.०० बजे बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/१०/२० को निर्णयबाट गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले पेश गरेको प्रतिवेदनमा प्रस्ताव गरिएको स्थानीय तहको सङ्ख्या र सीमानाका सम्बन्धमा प्राप्त गुनासा सम्बोधन गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा सुझाव पेश गर्न माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले दिएका सुझावहरूको कार्यान्वयन गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने-

(१) मूलतः तराई मधेशलगायतमा जनसङ्ख्यासमेतलाई आधार मानी न्यूनतम नथपि नहुने स्थानीय तहको सङ्ख्या यकिन गरी सीमानासहितको सिफारिस ७ दिनभित्र पेश गर्न उक्त समितिलाई नै निर्देशन दिने ।

(२) समितिले आवश्यकताअनुसार सरोकारवाला र विज्ञहरूसँग छलफल गर्न सक्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७३ साल फागुन ३ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— लेखापरीक्षण ऐन, २०७३ व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२. अर्थ मन्त्रालय— विद्यालय क्षेत्र विकास कार्यक्रमको लागि विश्व बैंकबाट प्राप्त हुने ऋण सहायता प्राप्त गर्न वार्ता टोली गठन गर्ने ।

३. उद्योग मन्त्रालय— जापान सरकारको निमन्त्रणामा माननीय उद्योग मन्त्रीलाई जापान भ्रमण गर्न स्वीकृति दिने ।

४. उद्योग मन्त्रालय— औद्योगिक क्षेत्र स्थापना गर्ने ।

५. कृषि विकास मन्त्रालय— Meeting of the Conference of Parties to the Basel, Rotterdam and Stockholm Conventions मा कृषि विकास राज्यमन्त्रीको सहभागीता स्वीकृत गर्ने ।

६. गृह मन्त्रालय— मृतक बजहुल कमर खाँका हकदारलाई आर्थिक सहायता उपलब्ध गराउने ।

७. परराष्ट्र मन्त्रालय— माननीय परराष्ट्र मन्त्रीको बेल्जियम र लक्जम्बर्ग भ्रमण स्वीकृत गर्ने ।

८. परराष्ट्र मन्त्रालय— संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को ३४ औं अधिवेशनको उच्चस्तरीय सत्रमा भाग लिन जाने प्रतिनिधिमण्डलको गठन गर्ने ।

९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— व्यवस्थित वसोबास आयोग आदेश, २०७३ स्वीकृत गर्ने ।

१०. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— नेपाल सरकारको नाममा दर्ता रहेको जग्गाको दर्ता श्रेस्ता सच्याई स्वर्गद्वारी आश्रम प्यूठानको नाममा दर्ता श्रेस्ता कायम गर्ने ।

११. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— चितवन जिल्ला, साविक अयोध्यापुरी हाल माडी नगरपालिका वडा नं. १२ बाँदरझुलाको बस्ती व्यवस्थापन समिति गठन आदेश, २०७३ स्वीकृत गर्ने ।

१२. रक्षा मन्त्रालय— बेरुजु मिन्हा गर्ने ।

१३. रक्षा मन्त्रालय— सैनिक हवाई महानिर्देशनालय अन्तर्गत कार्यरत कर्मचारीलाई हवाई भत्ता उपलब्ध गराउने।

१४. रक्षा मन्त्रालय— प्रमुख सेनानी पुष्प वलीलाई महासेनानी पदमा विशेष बढुवा गर्ने ।

१५. रक्षा मन्त्रालय— नेपाली सेनाको लागि डवलवेश प्रोपलेन्ट प्लाण्ट स्थापना गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१६. वन तथा भू-संरक्षण मन्त्रालय— वनस्पति तथा वनस्पति स्रोतको व्यवस्था गर्न वनेको विधेयक व्यवस्थापिका-संसदबाट फिर्ता लिन अनुमति दिने ।

१७. वन तथा भू-संरक्षण मन्त्रालय— सानो मिल्ती खोला साना जलविद्युत आयोजना निर्माण एवं संचालनका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१८. वन तथा भू-संरक्षण मन्त्रालय— नदाहा 'कोशीपुल चतरा' रुपनगर सडक योजनाको स्तरोन्नति गर्न थप वनक्षेत्र प्रयोग गर्न दिने।

१९. वन तथा भू-संरक्षण मन्त्रालय— बसोबास क्षेत्रका रुखहरु हटाउन स्वीकृति दिने ।

२०. वन तथा भू-संरक्षण मन्त्रालय— सत्यवती खानी उत्खनन प्रा.लि. लाई चूनढुङ्गा उत्खननका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— श्री कुमारी, गणेश तथा भैरवको मासिक तथा निवृत्त भत्ता वृद्धि गर्ने ।

२२. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय— ५०घण्टा अतिरिक्त समय कार्यलाई ५० प्रतिशत अङ्कभार कायम गर्ने र २०७३ माघ मसान्तसम्मको हाजिरी सम्बन्धित स्थानीय विकास अधिकारीवाट प्रमाणित गराई अर्थ मन्त्रालयको सहमति बमोजिम दोहोरो नपर्ने गरी २०७४ असार मसान्तसम्मका लागि गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

२३. सहरी विकास मन्त्रालय— Intergovernmental 10th Regional Environmentally Sustainable Transport Forum in Asia विषयक कार्यक्रममा भाग लिन स्वीकृति दिने।

२४. सामान्य प्रशासन मन्त्रालय— सावित्री दाहाल र निर्मला पौडेलल थप आर्थिक सहायता उपलब्ध गराउने ।

२५. सामान्य प्रशासन मन्त्रालय— निजामती सेवाको आधिकारिक ट्रेड युनियनलाई अनुदान रकमको लेखा नेपाल सरकारको स्वीकृत लेखा प्रणाली बमोजिम राख्ने गरी रकम उपलब्ध गराउने ।

२६. स्वास्थ्य मन्त्रालय— औषधि उपचारको लागि नवोनारायण झालाई आर्थिक सहायता उपलब्ध गराउने ।

२७. स्वास्थ्य मन्त्रालय— सूर्यबहादुर गुरूङको राजीनामा स्वीकृत गर्ने ।

२८. स्वास्थ्य मन्त्रालय— महेन्द्र नारायण निधि मेमोरियल अस्पताललाई पुँजीगत अनुदान उपलब्ध गराउने ।

२९. स्वास्थ्य मन्त्रालय— चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०७३ व्यवस्थापिका-संसदमा प्रस्तुत गर्ने विषयको प्रस्ताव फिर्ता गर्ने ।

३०. स्वास्थ्य मन्त्रालय— पूल दरबन्दी सृजना गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७३ साल फागुन २ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

(क) प्रहरी (चौथो संशोधन) नियमावली, २०७३ स्वीकृत गर्ने । उक्त नियमावली मिति २०७३/११/२ देखि लागू गर्ने ।

(ख) प्रहरी नियमावली, २०७१ को नियम ४६ को उपनियम (७क) बमोजिम प्रहरी सेवाका प्रहरी अतिरिक्त महानिरीक्षक डा. दिनेशचन्द्र पोखरेललाई अर्को व्यवस्था नभएसम्म मिति २०७३/११/३ देखि लागू हुने गरी निमित्त प्रहरी महानिरीक्षक भई काम गर्न तोक्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७३ साल फागुन १ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. गृह मन्त्रालय— प्रहरी महानिरीक्षक श्री उपेन्द्रकान्त अर्याल मिति २०७३।११।०३ देखि अनिवार्य अवकाश भई रिक्त हुने प्रहरी महानिरीक्षक पदमा प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम मिति २०७३।११।०३ देखि लागू हुने गरी प्रहरी नायव महानिरीक्षक श्री जयबहादुर चन्दलाई बढुवा गर्ने ।

२. गृह मन्त्रालय— सशस्त्र प्रहरी महानिरीक्षक श्री दुर्जकुमार राई मिति २०७३।११।०३ देखि अनिवार्य अवकाश भई रिक्त हुने सशस्त्र प्रहरी महानिरीक्षक पदमा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ५३ बमोजिम मिति २०७३।११।०३ देखि लागू हुने गरी सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री सिंहबहादुर श्रेष्ठलाई बढुवा गर्ने ।

३. सूचना तथा सञ्चार मन्त्रालय— बंगलादेशको ढाकामा प्रमुख सूचना आयुक्तबीच हुने MOU को हस्ताक्षर कार्यक्रममा भाग लिनको लागि राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटा र सूचना आयुक्त श्री यशोदादेवी तिम्सिनालाई स्वीकृति दिने । ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।